नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार)

**चितवन**

फोन नं. : ०५६-५२३५०८
०५६-५२३९६२

**अत्यन्तै जरूरी**

प.स. २०७६।०७७
च.न. ३९१

मिति: २०७६/०८/१६

श्री वडा अध्यक्षज्यु
२९ नं. वडा कार्यालय भरतपुर महानगरपालिका
चितवन ।

**विषय: सम्झौता गर्ने वा लाभग्राहीबाट हटाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस इकाईको प.सं. २०७६/०७७, च.नं. ३२२, मिति २०७६/०८/०१ को पत्र अवगतै होला ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति **२०७६/०८/०५** को निर्णयबाट मिति २०७६/०३/२१ गतेसम्म सम्झौता नगरेका र मिति २०७६ कार्तिक मसान्तसम्म दोश्रो किस्ता लिईसक्नु पर्ने लाभग्राहीहरुलाई **एक पटकका लागि** सम्बन्धित स्थानीय तहले निवेदन लिई लाभग्राहिहरुबाट घर पुनर्निर्माणको सुनिश्चितता भई आएमा जिल्ला सहजीकरण समितिमा पेश भई लाभग्राहीले तोकिएको समयसीमा भित्र सम्पन गर्ने प्रतिवद्धता भएमा अनुदान उपलब्ध गराउन सक्ने तथा यस प्रक्रियामा नआउने लाभग्राहिहरुलाई लाभग्राही सूचीबाट हटाउन समेत जिल्ला सहजीकरण समितिले सिफारिस गर्ने भन्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

यस अवस्थामा तहाँ स्थानीय तहमा कायम भएर सम्झौता नभएका लाभग्राहीहरुको नामावली र विवरण यसै पत्रमा संलग्न गरि पठाइएको छ ।

**पुनश्च: लाभग्राही कायम हुनुपर्ने भए घर बनाउने कबुलियतनामा सहित सम्झौता गरि पठाउन वा लाभग्राही सुचीबाट हटाउनु पर्ने भए सोको विवरण** यथाशिघ्र यस इकाईमा आई पुग्ने गरि पठाईदिने व्यवस्था हुन विशेष अनुरोध छ । साथै **एक पटकको लागि** पहिलो किस्ता यही मिति २०७६ मंसिर मसान्त र दोश्रो किस्तासमेत यही मिति २०७६ पौष मसान्त भित्र सिफारिस गरि पठाईदिनु हुन अनुरोध छ ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: ८८३५
दर्ता मिति: ८।२४

२०७६।८।१६
.....................
राजेन्द्र कार्की
(नि.आयोजना प्रमुख)

नि. आयोजना प्रमुख

**बोधार्थ:**

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),भवन,काठमाडौं ।
श्री भरतपुर महानगरपालिका, भरतपुर, चितवन ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) चितवन ।
श्रीमान् प्रमुखज्यु, जिल्ला समन्वय समिति, चितवन ।

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

भरतपुर, चितवनको

## अत्यन्तै जरूरी सुचना

निजि आवास पुनर्निर्माण अनुदान तर्फ मिति २०७६ असार २१ सम्म सम्झौता नगरेका र मिति २०७६ कार्तिक मसान्तसम्म दोश्रो किस्ता लिई सक्नु पर्ने लाभग्राहीहरुलाई एक पटकका लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिई घर पुनर्निर्माणको सुनिश्चितता गराई तोकिएको समयसीमा भित्र सम्पन्न गर्ने प्रतिवद्धता गराई अनुदान लिनुहुन अनुरोध छ । यस प्रक्रियामा नआउने लाभग्राहीहरुको सुची जिल्ला सहजीकरण समितिले निर्णय मार्फत हटाउने सबैमा जानकारी गराईन्छ ।

**एक पटकको लागि पहिलो किस्ता र दोश्रो किस्ता लिने समयसीमा २०७६ पौष मसान्त सम्म रहेको समेत सबैमा जानकारी गराईन्छ ।**

साथै,

एकीकृत वस्तीका लाभग्राही, जोखिम क्षेत्रका लाभग्राही, भूमिहीन लाभग्राही, जोखिमवर्गका लाभग्राही तथा छुट तथा पुनःजाँच सर्वेक्षणको लगत विश्लेशणबाट कायम हुने लाभग्राहीहरुको हकमा

- **लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने समयसीमा - २०७६ पौष मसान्त**
- **पहिलो किस्ता लिईसक्नु पर्ने समयसीमा - २०७६ माघ मसान्त**
- **दोश्रो किस्ता लिईसक्नु पर्ने समयसीमा - २०७७ बैशाख मसान्त**
- **तेश्रो किस्ता लिईसक्नु पर्ने समयसीमा - २०७७ असार मसान्त**

सम्बन्धित सबै लाभग्राहीहरुलाई आ-आफ्नो वडा कार्यालय, गाउँपालिका, नगरपालिका एवम् जिल्लास्थित कार्यालयमा समयमै सम्पर्क गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

भरतपुर, चितवन

०५६-५२३५०८, ०५६-५२३९६२

**" पुनर्निर्माण गरौं सुरक्षित बनौं "**